**बेथानचोक गाउँपालिकाका अध्यक्ष श्री भगवान अधकारीज्यूबाट प्रस्तुत**

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम
## (सोह्रौँ गाउँसभा)

# बेथानचोक गाउँपालिकाको कार्यालय

**बेथानचोक-२, ढुंखर्क, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

**२०८२**

उपस्थित गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, पत्रकारहरु एवम् उपस्थित महानुभावहरु ।

नेपालको संविधान, २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा नेपाली जनताको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको उत्कट ईच्छा पूरा गर्ने ध्येयका साथ संघ, प्रदेश र स्थानीय तहको सरकारले आफ्नो ८ वर्षे कार्यकाल पूरा गरिसकेको छ । वि.सं. २०७९ बैशाख ३० गते स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई स्थानीय सरकारको दोस्रो कार्यकालको अवधिमा बेथानचोक गाउँपालिकाको सोह्रौँ गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशीको अनुभूति गरेको छु ।

नेपाली जनताको बलिदानबाट प्राप्त लोकतन्त्रको उपभोगको लागि स्थापित हाम्रो स्थानीय सरकारले लिएको मूलमन्त्र **"समृद्ध बेथानचोक, सुखी बेथानचोकबासी"** को दीर्घकालीन पथमा हिँड्दाहिँड्दै मिति २०८१ साल आश्विन १०, ११ र १२ गते अकल्पनीय विपद्को सामना गर्नुपर्यो । यस विपद्ले ठुलो भौतिक पूर्वाधारको क्षतिका साथै तेह्र जनाले ज्यान गुमाउनुपर्यो । ज्यान गुमाउने परिवारप्रति समवेदना व्यक्त गर्न चाहन्छु । विपद् सामनाका लागि बेथानचोकबासी, राजनीतिक दल, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीको उल्लेख्य सहयोगका लागि हार्दिक नमन व्यक्त गर्न चाहान्छु ।

विपदबाट बेथानचोकवासीको जीवनचर्यामा परेको नकारात्मक प्रभावलाई मध्यनजर गर्दै यस बेथानचोक गाउँपालिकाले विशेष महाधिवेशन गरी आ.व. २०८१/०८२ का लागि विनियोजित बजेट शीर्षकलाई विपद् केन्द्रित गरिएको सर्वविदितै छ । **"सहज यात्रा, हाम्रो संकल्प"** भन्ने मर्मलाई आत्मसात् गरी खोपासी-चलालगणेशस्थान-च्याम्राङवेशी-सुकुमफेदी-फापरवारी सडक, ढुंखर्क-च्याम्राङवेशी-झिंगे सुकुमफेदी, मल्पी तिपचोक पार्थली सडक, छत्रे धर्मशाला पट्गाउँडाँडा भञ्ज्याङखर्क पार्थली सडक, पार्थली कुनेखर्क गोल्माकोट सडक, गेल्डुङ गोल्माकोट सडक, सयँले ठूलाचौर घोडाबाँधे नारायणस्थान सडक, हस्पिटलचोक गैरीभञ्ज्याङ लोसे थलीडाँडा सडक, खोपासी पट्गाउँवेशी मदनवास भङ्गाला च्याल्टी कामीडाँडा, दाहालभञ्ज्याङ सडक, दाहालभञ्ज्याङ भुग्देउ मेदाम्सु सडक, गोलगाउँ तावरी भुग्देउ रोशी सडक, पाट्नेखोला बागनेढाँड जात्रेफेदी सडक, गेल्डुङ टपल आहाले कृषि सडक, दुर्लुङखोला बादुरेमुडा च्याम्राङवेशी वैकल्पिक सडक, टोड्के भञ्ज्याङखर्क सिउरानी मेदाम्सु सडक, भंगाला भन्ज्याङखर्क गुम्बुडाँडा सडक, च्याल्टीखोला पुल छिर्के कामीडाँडा सडक, गणेशस्थान सिक्रीघ्याङ भञ्ज्याङखर्क हुँदै कुनेखर्क गोल्माकोट सडक,

हस्पिटलचोक फाँट ढाँड कुनेखर्क सडक, पार्थली डाँडागाउँ हिलेभञ्ज्याङ मोटरबाटो, पट्गाउँवेशी कृषि सडक, वाइ माथिल्लो गाउँ घट्टेखोला झिंगे सडक, गुवाभञ्ज्याङ भालुछाप्रा थलागाउँ सडक, गणेशस्थान प्रावलडोल सडक लगायत गाउँपालिकासँग जोड्ने शाखा सडक लगायत वडाभरिका मुख्य सडकहरु मर्मत भईसकेका छन् । गाउँपालिकासँग बजेटको चाप परेतापनि सदरमुकाम जोड्ने मुख्य सडक चलाल–ढुंखर्क सडकलाई बाह्रै महिना चलाउन ठेक्का सम्झौता भई कार्यान्वयन भईरहेको अवस्था छ । हालसम्म बेथानचोकभरी विपद् पश्चात ३७२ कि.मि. सडक मर्मत भईसकेको छ । आगामी आ.व. मा प्रदेश तथा संघ सरकारसँगको समन्वयमा थप निर्माण कार्य अगाडि बढाइनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

जलवायु परिवर्तनजन्य जोखिममा नेपाल चौथो स्थानमा पर्छ । वार्षिक कुल गार्हस्थ उत्पादनको २ देखि ४% विपदबाट क्षति हुने गरेको राष्ट्रिय तथ्यांकले बताउँछ । कृषि, पशु तथा वनजन्य उत्पादनमा निर्भर बेथानचोक गाउँपालिका जलवायु परिवर्तनजन्य विपदबाट उच्च जोखिममा पर्छ । गत आश्विनमा गएको बाढी पहिरोबाट ७ अर्ब भन्दा बढी भौतिक क्षति भएको अवस्था छ ।

संविधानले तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा शासन सञ्चालन गर्ने भनेतापनि विपद व्यवस्थापनमा माथिल्ला सरकारबाट उल्लेख्य सहयोग प्राप्त हुनसकेको छैन । विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित उत्थानशील समाज निर्माणको लागि बेथानचोकवासी आफैँ उठ्नुपरेको छ । यसका लागि सबैको साथ र सहयोगको अपेक्षा राखेको छु ।

व्यापार घाटा, कमजोर निर्यात बजार, उच्च मुद्रास्फीति तथा आपूर्तीजन्य अवरोधका कारण उत्पादन तथा उत्पादकत्वमा कमी, आर्थिक मन्दीको कारणले नेपालको समग्र अर्थतन्त्र र कार्यप्रणालीलाई जोखिमको अवस्थामा धकेलेको छ । राजश्व संकलनमा कमी तथा वैदेशिक सहायतामा अपेक्षित सहयोग नहुँदा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम तथा समानीकरण अनुदानमा प्रतिवद्धता बमोजिम निकासा नहुँदा तथा विपद्को कारण हाम्रो सरकार व्यापक बजेट घाटामा रहेको छ । यस्तो जोखिमपूर्ण अवस्थालाई आत्मसात् गर्दै थोरै भएपनि जनतालाई आशाको सञ्चार गराउन, विपद्प्रति संवेदनशील बन्न यो नीति कार्यक्रम प्रस्तुत गरेको छु ।

नेपालको संविधान २०७२ बमोजिम स्थानीय सरकारलाई प्राप्त २२ प्रकारका स्थानीय तहको अधिकार अनुसार स्थानीय सरकारको नीति तथा कार्यक्रम, ऐन, नियम, योजना तर्जुमा तथा बजेट व्यवस्था गर्ने जिम्मेवारी एवम् कर्तव्य स्थानीय सरकारको हो । सम्पूर्ण बेथानचोकबासीहरुमा परिवर्तनको महसुस गरी

सुशासन र समृद्धिको अनुभूत गराउँदै फेरी बेथानचोक उठ्नेछ भन्ने अनुभूति दिलाउँदै आ.व. २०८२/०८३ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम एवम् बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ऐतिहासिक दिनमा हामी उपस्थित भएका छौँ।

संविधान कार्यान्वयन, सङ्घीयताको सवलीकरण, अर्थतन्त्रको सुधार, पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा सुधार र सवलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण गरी गाउँपालिकाले अवलम्बन गरेको **"समृद्ध बेथानचोक, सुखी बेथानचोकबासी"** निर्माणको आधारशीला तयार गर्न विपदबाट उठी सामाजिक न्याय सहितको बहुआयामिक विकासलाई तीव्र रुपमा अगाडि बढाउने जमर्को गरिएको छ।

विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयनमा प्रभावकारीता मार्फत वित्तीय अनुशासन कायम गरी वित्तीय संघीयतालाई प्रभावकारी र दीगो बनाइनेछ। आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गर्दै गरिबीको रेखामुनी रहेका एवम् विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न उपलब्ध स्रोतसाधनलाई सो दिशातिर प्रवाहित गरिनेछ।

लोकतन्त्रका नवीन मूल्य मान्यताले लोकतन्त्रको सामाजिकीकरण, लोकतान्त्रिक मूल्य मान्यताको व्यवहारिक अवलम्बन मार्फत आत्मीकरण गर्नुपर्ने कुराको वकालत गर्छ। लोकतन्त्र उपभोग्य त्यतिबेला हुन्छ, जब यसलाई समृद्धिले लेपन गर्न सकिन्छ भन्ने कुरामा बेथानचोक सरकार सचेत छ। यसैलाई ध्यानमा राख्दै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दीगो विकास लक्ष्य (२०१६–२०३०), सोहौँ योजना, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, बेथानचोक गाउँपालिका तथा गाउँसभाबाट पारित ऐन, नियमावली तथा कार्यविधिहरु, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, प्रचलित कानून र मापदण्डलाई आधार बनाई 'पब्लिक भ्वाइस र पब्लिक च्वाइस' लाई मूलमन्त्र मान्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

माननीय सभा सदस्यज्यूहरु,

अब, आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १) आयोजना व्यवस्थापन सम्बन्धी नीति

- आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोजना व्यवस्थापन सूचना प्रणाली लागू गरिनेछ । जसका लागि बेथानचोक गाउँपालिकामा एउटा आयोजना बैंक रहनेछ । आयोजना बैंकमा समावेश भएका आयोजना मात्र बेथानचोक गाउँपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट कार्यान्वयन गरिनेछ ।
- जनसहभागीतामूलक अनुगमन प्रणाली मार्फत नतिजा हाँसिल गर्नकालागि सरोकारवाला, जनप्रतिनिधि तथा प्राविधिक टिमको तयारी गरिनेछ । जनप्रतिनिधिहरुलाई सामान्य प्राविधिक विषयमा तालिम दिई क्षमता अभिवृद्धि गरिनेछ ।
- आयोजनामा गुणस्तर कायम गर्न गुणस्तर परीक्षणका लागि प्रोत्साहित गरिनेछ ।
- वित्तीय सुशासन कायम गर्न आवधिक योजना र मध्यकालीन खर्च संरचनाबीच आवद्धता कायम गरिनेछ । प्रोजेक्ट बैंक संचालनका लागि कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- आयोजनाबाट प्राप्त नतिजाको प्रभावकारी मापनका लागि सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई विधिको प्रभावकारी उपयोग गरिनेछ ।

## २) पूर्वाधार विकास नीति

- पूर्वाधार संरचनाले लागत घटाई अर्थतन्त्रको प्रतिष्पर्धात्मक क्षमता बढाउँछ । उत्पादन र उपभोगबीचको सकारात्मक सहसम्बन्ध कायम गराउँछ । पूर्वाधारको डिजाइन गर्दा विपद् जोखिम विश्लेषणको व्यवस्था मिलाइनेछ ।
- यसै आ.व. भित्रमा जग्गा वर्गीकरण कार्य सम्पन्न गरिनेछ । समग्र बेथानचोकभित्रका जग्गाको संघ सरकारसँग समन्वय गरी पुर्ननापी गरिनेछ ।
- उज्यालो बेथानचोक अभियान अन्तर्गत प्रदेश सरकार तथा संघ सरकारसँग समन्वय गरी सोलार बत्ती जडान गरिनेछ ।

- दीगो विकासको मूल मर्मलाई आत्मसात् गर्दै सडक निर्माण गर्दा ड्रेन सहितको संरचना हुनेगरी आयोजना सञ्चालन गरिनेछ ।
- दीगो पूर्वाधार विकास मार्फत बेथानचोकको समृद्धिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई हाम्रो प्राथमिकताको क्षेत्रमा परिचालन गरिनेछ ।
- Lifeline का रुपमा रहेका जिल्ला सदरमुकाम जोड्ने सडक तथा पालिका केन्द्र जोड्ने सडकलाई तीन तहका सरकारको समन्वयमा बाह्रै महिना निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।
- नेपालको संघीयताको मूल आदर्श समन्वय, सहकार्य, सहअस्तित्वलाई आत्मसात् गर्दै छिमेकी स्थानीय तह पनौती, खानीखोला, महांकाल, रोशी र नमोबुद्ध नगरपालिकासँग संयुक्त लगानीमा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि, उद्योग, पर्यटनसँग अग्रपृष्ठ अन्तरसम्बन्ध कायम हुनेगरी पूर्वाधार बाटो, बिजुली, खानेपानीको व्यवस्था मिलाइनेछ ।
- आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको स्थानीय उद्योगहरुलाई प्रोत्साहित गरिनेछ । साथै उद्योग तथा वाणिज्य क्षेत्रको विकासका लागि ग्वाभञ्ज्याङ्गमा रहेको औद्योगिक ग्राम निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।
- बेथानचोक गाउँपालिकाभित्र नीजि लगानीका सम्भावनाको ढोका खोल्न लगानी सम्मेलन गरिनेछ ।
- यस बेथानचोक गाउँपालिकाको 'नक्शापास कार्यविधि' बन्नुअघि निर्माण भएका घरलाई स्थानीय सरकार संचालन ऐन र बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बमोजिम अभिलेखीकरण कार्यलाई निरन्तरता दिइनेछ ।
- सलान्दुखोला नदी नियन्त्रण गरी बस्ती सुरक्षित गरिनेछ ।
- विपद्ले क्षतविक्षत बनाएको बेथानचोक गाउँपालिकालाई पहिलाकै अवस्थामा उठाउन च्याम्राङवेशी कलाङसिङ झिंगे लामीडाँडा सडक, कलाङसिङ फुर्केथली सडक, च्याम्राङवेशी कोरिडोर, रेलसिङ फाइमराङ तीनतले झरना-तामरुपा च्याम्राङवेशी सडक, छत्रे महतगाउँ सञ्जेलगाउँ हुँदै तिलेश्वर मन्दिर जाने बाटो, गणेशस्थान लामीडाँडा हुँदै काफलडाँडा सडक स्तरोन्नति, गणेशस्थान चलालगाउँ सडक, ५ नं. वडा कार्यालय कपेरमहांकाल हुँदै चौकीडाँडा

वालुवा खानीखोला वैकल्पिक सडक, लाकुरीभञ्ज्याङ पौवा कोर्काथली छिर्केपौवा भञ्ज्याङ मोटरबाटो, मदनवास भिमसेनेश्वर गुम्बुडाँडा पार्थली सडक, भञ्ज्याङ गोलगाउँ भुग्देउ सडक, गोलगाउँ तावरी भुग्देउ सडक, टोड्के भञ्ज्याङखर्क ठकुरीडाँडा तवरी मोटरबाटो, टोड्के सिउरानी मेदाम्सु फलामेसाँघु सडक, बुढाथोकी टोल सडक निर्माण, क्लवघर कार्कीगाउँ पहिरो नियन्त्रण, छापगाउँ बस्ती सडक निर्माण, सङ्दोपाल्देन छोइलिङ गुम्बा देवीथान, मेधाम्सु वाइवागाउँ सडक निर्माण गर्न सरकारी तथा गैरसरकारी संस्था, दातृ निकाय, संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

## ३) पर्यटन नीति

- बेथानचोक गाउँपालिकाभित्र संचालनमा रहेका होटल, रिसोर्ट, होमस्टेहरुको प्रभावकारी नियमन गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ।
- बेथानचोक गाउँपालिकालाई हाइकिङ सिटी (Hiking City) को रुपमा विकास गर्न पर्यटन विभाग तथा पर्यटन बोर्डसँग समन्वय सहकार्य गर्दै आवश्यक पूर्वाधार निर्माण, सचेतना कार्यक्रम तथा सरोकारवालालाई आवश्यकतानुसार प्रशिक्षित गरिनेछ।
- विपद्ले थिलथिलो भएको पालिकालाई आयआर्जनसँग जोड्ने तिनतले झरना तथा वैशणव पार्कलाई प्रदेशसँगको सहकार्यमा विकास गरी मनोरञ्जनस्थल तथा धार्मिक आस्थाको केन्द्र बनाइनेछ।
- गोर्खालीगाउँ थलीडाँडा जगराम पर्वत नारायणस्थान पदमार्ग, झरना–ताङ्गीटोल–मौवाडाँडा पदमार्ग, झिङ्गे–भैरवथान–फुर्केथली–नारायणस्थान पदमार्ग, रेलसिङ–फाइमराङ–तिनतले झरना पदमार्गको रुपमा विकास गर्न प्रयत्न गरिनेछ।
- **‘बेथानचोक विकासको आधार, पर्यटन र पूर्वाधार’** भन्ने नारालाई सार्थक बनाउन धार्मिक पवित्र स्थान बेथानचोक नारायण, कालीदेवी मन्दिर, गणेश मन्दिर, प्राकृतिक मनोरम स्थल तीनतले झरना, ऐतिहासिक कपेर महांकाल गढीको व्यापक प्रचारप्रसार तथा विकास गरिनेछ। यसका अतिरिक्त गुम्बुडाँडा, क्षेत्रपाल महांकाल, भैरव अल्कापुरी, शान्ति महांकाल, पट्गाउँडाँडा, कामीडाँडा, भुग्देउ महांकाल कालीदेवी मन्दिर, तिलेश्वर महादेव, लक्ष्मीनारायण

मन्दिर, शिव पार्वती गुफा, गजराम थुम्का पदमार्ग, ब्राम्हणडाँडा पर्यटन क्षेत्र लगायतका ठाउँको नीजि क्षेत्र तथा संचार माध्यमसँग सहकार्य गरी प्रचारप्रसार गरिनेछ।

- बेथानचोकको मौलिकतालाई प्रचारप्रसार गर्न प्रभावकारी यातायात व्यवस्थापनका लागि बेथानचोक सफारीको सुरुवात यसै आ.व. बाट गरिनेछ।
- गुम्बुडाँडा भ्यू टावर, हिले भञ्ज्याङ भ्यू टावर र कालापानी धार्मिक स्थलको अध्ययन गरी प्रचारप्रसार गरिनेछ।
- रियो बुद्ध पाल्देन गुम्बा, कर्मदक्षेन पालवर गुम्बा, स्याङदी पाल्की छोइलिङ गुम्बालाई संघ प्रदेशसँग समन्वय सहकार्य गरी धार्मिक पर्यटक स्थलको रुपमा विकास गरिनेछ ।
- धार्मिक पर्यटन क्षेत्रको रुपमा बेथानचोक–४, मा अवस्थित तिलेश्वर महादेव मन्दिरको विस्तृत अध्ययन मार्फत धर्मकुण्ड निर्माण गरी प्रचारप्रसार गरिनेछ।
- पर्यटनलाई योगसँग आवद्ध गर्न बेथानचोकका होमस्ट/होटल व्यवसायलाई प्रोत्साहन गरिनेछ।
- बेथानचोक गाउँपालिकाको ऐतिहासिक क्षेत्र बाह्रविसे म्यूजियमलाई पालिकाको पुरातात्विक केन्द्रको रुपमा विकास गरिनेछ।
- केवलकार सुरङमार्ग अध्ययन भएको बौद्धिक सम्पत्तिको रुपमा रहेको आयोजनालाई सदुपयोग गर्न नीजि क्षेत्रसँग समन्वय सहकार्य गरिनेछ।

## ४) कृषि तथा पशु सम्बन्धी नीति

- श्रमलाई सीपसँग, सीपलाई प्रविधिसँग, प्रविधिलाई उत्पादनसँग जोड्न एड्भान्स लेभलको तालिम संचालन गरिनेछ। वैदेशिक रोजगारीबाट आएका व्यक्तिहरुको सीप अभिलेखीकरण गरी उद्यमशीलता विकासका लागि व्याज अनुदानमा वित्तीय संस्थाबाट २० लाख सम्मको ऋण प्रवाहको व्यवस्था मिलाइनेछ। यस्ता व्यक्तिबाट उत्पादित सामानहरु चोयाको डोको, टपरी, दुना, बोता, ढाका, माडा, सातु, अचार, कुचो आदिलाई बजारीकरणका लागि सहयोग पुर्याउन **"बेथानचोक कोशेली घर"**को स्थापना गरिनेछ ।
- कृषिमा जैविक क्रान्ति (Organic revolution) मार्फत उत्पादन/उत्पादकत्व बढाउन रैथाने बाली प्रवर्द्धन गरी विउ बैंक स्थापना तथा विस्तार गरिनेछ।

- विदेशमा सीप सिकेका, स्वदेशमा केही गर्छु भनेर लागेका युवाहरुलाई ४% ब्याज अनुदानमा ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- कृषिमा विविधिकरण तथा व्यवसायीकरणका लागि प्रयोगशालादेखि खेतसम्म ज्ञानको हस्तान्तरण (Lab to Land) कार्यक्रमअन्तर्गत कृषि औजारलाई संघ तथा प्रदेश सरकारको समन्वयमा सञ्चालन गरिनेछ।
- घट्टेखोला पोलसिंखोला सिँचाई, बाहुनवेशी विरौटा नारायणस्थान सिँचाई निर्माण गरी कृषि उत्पादन/उत्पादकत्व बढाउन संघ/प्रदेशसँग समन्वय गरिनेछ।
- कृषिमा विविधिकरण, व्यवसायीकरण तथा विशिष्टीकरणका लागि "एक वडा, एक उत्पादन" समुदायमा आधारित कृषि कार्यक्रम वडा नं. २ मा शुरु भएको छ। यसलाई अन्य वडामा पनि विस्तार गरिनेछ।
- माटोमा उर्वरशीलता मार्फत उत्पादन तथा उत्पादकत्व बढाउन माटोको स्वास्थ्य परीक्षण (Soil Health Testing) मार्फत माटोको अम्लीयपन, खनिज पदार्थको अवस्थाको आधारमा कृषि प्राविधिकबाट रासायनिक मल, कृषि चुनको समानुपातिक प्रयोग गर्न सिकाईने व्यवस्था मिलाइनेछ।
- विपद् महामारीका कारण कृषि तथा पशुपालन व्यवसायमा हुने क्षतिपूर्तिका लागि वाली विमा र पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बेथानचोकभित्र रहेको बाँझो जमीनको उपयोगको लागि भूमि बैंकको अवधारणा कार्यान्वयनमा लगिनेछ।
- निःशुल्क रुपमा कृत्रिम पशु गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुमा देखिएका समस्याहरुको पहिचान तथा निराकरण गर्नका निम्ति बेथानचोक गाउँपालिकाभित्र नै Vetenary Lab को स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
- आकस्मिक रोग नियन्त्रण कार्यक्रमअन्तर्गत विभिन्न समयमा पशुपन्छीमा देखिने रोगहरु नियन्त्रणका लागि आवश्यक औषधी तथा खोप खरिद गरी महामारी नियन्त्रण गरिनेछ ।
- कृषकहरुलाई निःशुल्क रुपमा औषधी तथा उपचार सेवा प्रदान गरिनेछ। कृषकहरुको घरदैलोमा कृषि उपचार सेवा प्रदान गरिनेछ।

- किसान सुचीकरण कार्यलाई सम्पन्न गरिनेछ। किसान परिचयपत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा सहुलियतसँग आवद्ध गरिनेछ।
- बेथानचोकको सम्भावनाको रुपमा रहेको कृषि क्षेत्रको विकासकालागि प्रदेश सरकारसँग सहकार्यमा उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रम, मौरापालन प्रवर्द्धन, बाख्रा प्रवर्द्धन कार्यक्रम, पशुपालन प्रवर्द्धन (गाईभैँसी) कार्यक्रम सञ्चालन गरिनेछ।
- तीन तहका सरकारको समन्वयमा विपदबाट क्षति भएका जमीनको पुर्नभरणका लागि आवश्यक व्यवस्था गरिनेछ।
- वडाको सम्भाव्यताको आधारमा वडाहरुलाई कफी, चिया, कागती, सुन्तला, स्याउ, दुग्ध उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

## ५) <u>शिक्षा नीति</u>

- अनिवार्य तथा निःशुल्क शिक्षालाई निरन्तरता दिन विद्यालयमा सञ्चालन गरिने विद्यार्थी उपलब्धी परीक्षामा लाग्ने सम्पूर्ण उत्तरपुस्तिका गाउँपालिकाबाट उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- पार्वती बहुमुखी क्याम्पसमा अध्ययन गर्ने छोरी बुहारीलाई विश्व विद्यालयसम्मको निःशुल्क शिक्षाको व्यवस्था मिलाइनेछ।
- साक्षर बेथानचोक घोषणा गरिसकिएको अवस्थामा निरन्तर शिक्षालाई प्राथमिकता दिइनेछ।
- शिक्षकहरुमा व्यवसायिकता विकासको लागि आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ।
- गाउँ शिक्षा समितिको नेतृत्वमा एक कार्यदल गठन गरी सबै सामुदायिक विद्यालयहरुको स्थलगत अवलोकन मार्फत विद्यालयहरुको मर्जर सम्बन्धी आवश्यकता पहिचान गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको पठन–पाठनमा एकरुपमा कायम गर्न स्थानीय विषयको पाठ्यक्रम नमूना परीक्षण सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको निश्चित मापदण्डका आधारमा प्रत्येक वर्ष विद्यालयको स्वमूल्यांकन गरी सोही आधारमा विद्यालयहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ।

- विद्यालयको शिक्षण सिकाइमा प्रभावकारीताकालागि शिक्षकहरुलाई कक्षाकोठामा सुपरीवेक्षक वा अनुभवी शिक्षक मार्फत समयसमयमा कक्षा अवलोकन गरी Feedback प्रदान गर्न नियमित कक्षा अवलोकन तथा सुपरीवेक्षण प्रणालीको विकास गरिनेछ।
- प्रविधिमैत्री शिक्षण सिकाई आजको आवश्यकता हो। सोका लागि गाउँपालिकाभित्र सञ्चालित विद्यालयका शिक्षकहरुको लागि आधारभूत ICT तालिम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र सामुदायिक माध्यमिक विद्यालयहरुमा **'सिक्दै कमाउँदै कार्यक्रम'** मार्फत विद्यार्थीहरुलाई आत्मनिर्भर बनाउने शैक्षिक नीति बनाइनेछ। क्रमशः एक वडाका एउटा विद्यालय मार्फत सीप सिकाउने वा आत्मनिर्भर बन्ने शिक्षा दिइनेछ।
- बेथानचोक गाउँपालिकाको शिक्षालाई प्रोत्साहन गर्न व्यवस्थापन, मानविकी, विज्ञान, संकाय अन्तर्गत स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत मेधावी एक जना विद्यार्थीलाई प्रत्येक वर्ष छात्रवृत्ति स्वरुप रु.५००००।- (पचास हजार) र इञ्जिनियरिङ संकाय अन्तर्गत अध्ययनरत एक जना विद्यार्थीलाई रु.१०००००।- (एक लाख) प्रदान गरिनेछ। यसबाट विद्यार्थीहरुको उत्प्रेरणा बढ्ने आशा लिएको छु।
- यस बेथानचोक गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययन गरी एम.बि.बि.एस. (MBBS) अध्ययन गर्ने विद्यार्थीलाई एक पटक रु.२०००००।- (दुइ लाख) छात्रवृत्ति प्रदान गरिनेछ।
- गाउँपालिकाको अनुमतिमा सञ्चालनमा रहेका प्राविधिक विद्यालयलाई स्तरोन्नति गर्ने साथै उक्त विद्यालयलाई बहुप्राविधिक विद्यालयको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर विकासमा अभिभावकको महत्वपूर्ण भूमिका रहने भएकाले अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुको पढाईप्रति संवेदनशील बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- शून्य दरबन्दी भएका विद्यालयहरुलाई विगतमा यस गाउँपालिकामार्फत उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्र हुने करार शिक्षक नियुक्तिमा एकरुपता र विद्यालयलाई आर्थिक भार कम गर्न शिक्षकको विज्ञापन गरी नियुक्ति प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च विद्यालयलाई गाउँपालिकाबाट भुक्तानी गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

- **'हप्ताको शुक्रबार, अतिरिक्त क्रियाकलापको विस्तार'** अन्तर्गत सीपमूलक शिक्षा र अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । हरेक शुक्रबार व्यवहारिक सीप सिकाईमा जोड दिइनेछ ।
- बौद्धिक सम्पत्तिको संरक्षण र संवर्द्धन गर्नका लागि बेथानचोक गाउँपालिकाको बारेमा स्नातकोत्तर र विद्यावारिधि तहमा शोधपत्र तयार गर्ने विद्यार्थीलाई प्रति शोधपत्र रु.१०००००।- (एक लाख) सहयोग प्रदान गरिनेछ । यसबाट देशविदेशसम्म गाउँपालिकाको प्रचारप्रसार हुने अपेक्षा गरिएको छ ।
- विद्यालय, शिक्षक र गाउँपालिकाबीचको सम्बन्ध सुमधुर बनाउन र शिक्षकलाई जिम्मेवारीप्रति थप प्रेरित गर्न प्रत्येक वडामा वर्षको एकपटक **'शिक्षासँग गाउँपालिका अध्यक्ष संवाद कार्यक्रम'** वडागत रुपमा सञ्चालन गरिनेछ ।
- नवप्रवर्तन (Innovation) , कृत्रिम बौद्धिकता (AI) लाई उद्योग, व्यापार, कृषि, पर्यटन, प्रविधिमा उपयोग गर्न अध्ययन अनुसन्धान संस्था र विश्वविद्यालयसँग समन्वय गर्ने र STEAM शिक्षालाई प्रोत्साहन गर्न विश्वविद्यालयसँग सहकार्य गरी बेथानचोकका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।
- बेथानचोकको ग्रामीण भेगमा रहेका विद्यालयहरुमा शिक्षक अभावको समस्या न्यूनीकरणकालागि गुणस्तरीय शिक्षा प्रदान गर्न **'अध्यक्षसँग घुम्ती शिक्षक कार्यक्रम'** लाई निरन्तरता दिइनेछ । तोकिए बमोजिमका सिकाई क्षमता हाँसिल गर्न नसक्ने सिकारुकालागि थप सिकाईको अवसर प्रदान गर्न 'अध्यक्षसँग घुम्ती शिक्षक मार्फत' उपचारात्मक कक्षा सञ्चालन गरिनेछ ।

## ६) <u>सामाजिक विकास तथा समावेशीकरण सम्बन्धी नीति</u>

- **'समुन्नत बेथानचोकको आधार, महिला क्षमताको विकास'** भन्ने सोचलाई कार्यान्वयन गर्न महिला सशक्तिकरण मार्फत क्षमता अभिवृद्धि गर्न 'उपाध्यक्षसँग महिला पहिला कार्यक्रम' लाई निरन्तरता दिइनेछ ।
- सीप विकास मार्फत रोजगारी सिर्जनामा टेवा पुर्याउन सिलाई कटाई सीप विकास तालिम, ब्युटीपार्लर तालिम, अचार बनाउने तालिम सञ्चालन गरिनेछ ।

- **'आहातलाई राहत'** भन्ने मूलमन्त्रलाई मान्दै विपदमा परेका, जटिल रोग लागेकालाई सामाजिक संरक्षणको जीवनचक्र सिद्धान्तअन्तर्गत **'वडाअध्यक्ष मार्फत विपद् सहयोग'** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- समाजमा रहेका कुरीति, कुसँस्कार, जातीय विभेद, अन्धविश्वास, लैङ्गिक हिंसा, दाइजोप्रथा विरुद्ध कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक वञ्चितीकरणमा परेका तथा आर्थिक रुपमा विपन्न महिला, दलित, जनजाति, एकल महिलालाई सीपमूलक तालिम सञ्चालन गरी आत्मनिर्भर बन्न प्रेरित गरिनेछ।
- अपांगता भएका व्यक्तिहरुकालागि नेतृत्व विकास, क्षमता विकास सम्बन्धी तालिम तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सार्वजनिक प्रशासनमा समावेशीताको संख्या बढाउन बेथानचोक गाउँपालिकाका युवा युवतीहरुकालागि निःशुल्क रुपमा लोकसेवा आयोग तथा शिक्षासेवा आयोगको कक्षा सञ्चालन गरिनेछ।
- बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ लागु गरी कार्यान्वयन गरिनेछ।
- लैङ्गिक हिंसा निवारण कोषलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- आमाबाबु विहिन बालबालिकालाई शिक्षामा पहुँच पुर्याउन आवश्यक सहयोग गरिनेछ।
- समुदायको परम्परागत ज्ञान, सीप र पेशाको आधुनिकीकरण गरी जिविकोपार्जन सुधार गरिनेछ। जातीय परम्परामा आधारित ज्ञान, सीप, प्रविधि र पेशालाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा विकास गरिनेछ।
- अनौपचारिक निर्माण क्षेत्रमा कार्यरत रहने मजदुरहरुको मानवीय सुरक्षा, आर्थिक सुरक्षा, सामाजिक सुरक्षाका लागि विमा गर्न प्रोत्साहित गरिनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई Pilot Project का रुपमा बेथानचोक गाउँपालिकामा कार्यरत कर्मचारीबाट शुरु गरिनेछ। आगामी आ.व. मा अन्य क्षेत्रमा विस्तार गरिनेछ।
- बेथानचोक गाउँपालिकामा रोजगार सेवा केन्द्र मार्फत बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन, प्रोफाइल रेकर्ड व्यवस्थापन, तालिममा लागि सिफारिस, रोजगार खोजीमा सहयोग तथा परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

- बेथानचोकमा अवस्थित पुरातन पाटीपौवा, चौतारो, पँधेरोको संरक्षण तथा संवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- बेथानचोकको संस्कृतिको संरक्षण र संवर्द्धन गर्नको लागि ल्होसार, कौरानाच, धिमे लगायत अन्य समुदायको लोक संस्कृतिको जगेर्ना गरिनेछ।

## ७) खेलकुद नीति

- **'राष्ट्रकालागि खेलकूद, स्वास्थ्यका लागि खेलकूद'** भन्ने नारा सहित राष्ट्रिय खेल भलिबललाई प्राथमिकता दिई **'बेथानचोक कप भलिबल प्रतियोगिता'** लाई निरन्तरता दिईनेछ। साथै फुटबल, सितोरियो कराँते, तेक्वान्दो लगायतका खेलकुद प्रतियोगितालाई पनि प्रोत्साहित गरिनेछ।
- राष्ट्रिय खेल भलिबललाई विद्यालय तहसम्म नियमित प्रशिक्षण सहित सञ्चालन गरिनेछ।
- बेथानचोक गाउँपालिकाभित्र सम्भावना रहेका खेलहरुलाई बाह्य प्रशिक्षकको प्रशिक्षणमा राखी जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा सहभागी गराइनेछ।

## ८) सहकारी नीति

- सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई अनुसरण गर्न सबै सहकारी संस्थाहरुलाई अभिप्रेरित गरिनेछ।
- सहकारी सुशासन मार्फत सर्वसाधारणको बचत सुरक्षित गर्न संघ तथा प्रदेशको समन्वयमा सहकारी अनुगमनलाई प्रभावकारी रुपमा लगिनेछ।
- सहकारी साक्षरता बढाउन सहकारीसँग सम्बन्धित सरोकारवालाहरुलाई व्यवस्थापन, लेखा तथा कोपोमिस (COPOMIS) सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ।

## ९) वन तथा वातावरण नीति

- बेथानचोकमा रहेका जडीबुटीहरुको पहिचान, उपयोग तथा प्रचारप्रसारका लागि अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।

- दीगो वन व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गर्न झाडी फँडानी गरी फलफूल तथा जडीबुटीको वृक्षारोपण गरिनेछ।
- सामुदायिक वनको सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यक कार्यविधि तयार गरी वन कार्ययोजना निर्माण, कार्यान्वयन तथा बहुउद्देश्यीय उपयोगको व्यवस्था मिलाइनेछ।
- सामुदायिक वन भित्र **'बोटानिकल गार्डेन'** निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
- बायो इन्जिनियरिङ प्रविधिबाट पहिरो नियन्त्रण गर्न प्रोत्साहित गरिनेछ।

## १०) न्यायिक समिति सम्बन्धी नीति

- बेथानचोक गाउँपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुलाई आवश्यकताका आधारमा तालिम प्रदान गरिनेछ।
- गरिब तथा असहाय व्यक्तिलाई निःशुल्क कानूनी सहायता प्रदान गरिनेछ।
- न्यायिक कार्यलाई थप व्यवस्थित साथै कानून सम्बद्ध बनाउनकालागि घरसारको लिखत प्रमाणीकरण सम्बन्धी जनप्रतिनिधिहरु र सरोकारवालाहरुबीच क्षमता अभिवृद्धि प्रशिक्षण तालिम सञ्चालन गरिनेछ।
- न्यायिक समितिबाट निःशुल्क रुपमा प्रवाह गरिरहेको न्याय सञ्चालन गरिनेछ।
- कानूनी साक्षरता सम्बन्धी कार्यक्रम वडा तथा टोल स्तरमा सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र निर्माण गर्न प्रोत्साहित गरिनेछ।
- न्यायिक समिति र जनताबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उठेका माग र समस्याहरु समाधान गर्ने कार्य गरिनेछ।
- न्यायिक समितिमा पेश हुने लिखत मस्यौदा सम्बन्धी सरोकारवालाहरुबीच कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविवाह, आत्महत्या र अपराध संहिता सम्बन्धी प्रशिक्षण तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- अदालतबाट इकाई, न्यायिक समिति र सरोकारवालाहरुबीच मुद्दा व्यवस्थापन सम्बन्धी पालिकास्तरीय कार्यक्रम सञ्चालन गरिनेछ।

## ११) **राजश्व नीति**

- करको दायरा बढाई राजश्व संकलन बढाउन व्यवसाय दर्ताको संख्या बढाइनेछ। बेथानचोकको सम्भावनाको रुपमा रहेको बोधीचित्त (बुद्धचित्त) लाई कानून बनाई करको दायरामा ल्याइनेछ।
- बेथानचोक गाउँपालिकाभित्र अव्यवस्थित रुपमा सञ्चालित खानीहरु पूर्ण रुपमा बन्द गरिनेछ। सम्भावित खानी क्षेत्रमा खानी सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्यांकनको आधारमा दर्ता भएका खानीलाई व्यवसाय दर्ता गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।
- स्रोत परिचालन र व्यवस्थापनमा बेथानचोक गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन प्रचलित कानुन बमोजिम लगाउन सकिने सबै स्रोतहरुको वास्तविक पहिचान, विश्लेषण तथा राजश्व सम्भाव्यताको विस्तृत अध्ययन गरिनेछ।
- ग्रेनाइड, ढुंगा, रोडा, स्लेट, वालुवा लगायत खानीजन्य उद्योगहरुलाई नियमानुसार दर्ता गर्न प्रोत्साहित गरिनेछ।
- बेथानचोक गाउँपालिकाभित्र उठ्ने राजश्वलाई राजश्व व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी पारदर्शीतालाई प्रवर्द्धन गरिनेछ।
- बेथानचोकमा सञ्चालित तर अन्यत्र दर्ता भएका वित्तीय संस्था/सहरकारीलाई करको दायरामा समेटिनेछ।
- बेथानचोकको सरदरभित्र उठ्ने कवाडीलाई करको दायरामा ल्याईनेछ।
- विपद्को कारण थुप्रिएका ढुंगा, गिटी, बालुवालाई स्वीकृत IEE को आधारमा विक्री वितरण गरिनेछ।
- पिकनिक स्पोटको (नाङ्गेचौर) विकास गरी राजश्व संकलन गरिनेछ।

## १२) **सुशासन प्रवर्द्धन सम्बन्धी नीति**

- सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउन डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ। सूचना तथा जानकारीहरुलाई नागरिक समक्ष पुर्याउन फेसबुक पेज तथा वेबसाइटलाई नियमित अपडेट गरिनेछ।

- गाउँपालिकाको कार्य प्रणालीलाई स्वचालित पद्धतिमा आवद्ध गर्न वडा कार्यालयहरुमा समेत क्रमशः डिजिटल प्रविधि जडान गरिनेछ।
- संस्थागत सम्झना तथा संस्थागत क्षमता अभिवृद्धि मार्फत सेवा प्रवाहमा सिघ्रता तथा गुणस्तरीयता अभिवृद्धिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली मार्फत बेरुजुमा कमी ल्याइनेछ।
- सेवा प्रवाहमा समावेशीता तथा समतामूलक व्यवहारका लागि First Come First Service मात्र होइन Last Come First Service को नीति पनि अवलम्बन गरिनेछ। यसबाट अशक्त, अपाङ्गता, भौगोलिक विकट क्षेत्रमा रहने सेवाग्राही लाभान्वित हुनेछन्।
- स्थानीय सरकारलाई छुन सकिने सरकार, देखिने सरकारको अनुभूति दिन 'जनतासँग जनप्रतिनिधि' कार्यक्रम मार्फत प्रत्येक वडामा अन्तरसंवाद मार्फत गुनासो व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाभित्र शान्ति सुरक्षा कायम गर्न, गाउँपालिकाको प्राकृतिक स्रोत साधनको रेखदेख गर्न गाउँ प्रहरीको गठन गरिनेछ।
- स्थानीय तहको संस्थागत क्षमता मूल्यांकन (LISA) र वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मा उत्कृष्टता कायम गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- बेथानचोक गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार कर्मचारीको व्यवस्था मिलाइनेछ।
- सेवा प्रवाहमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ।

## १३) विपद व्यवस्थापन तथा जलवायू परिवर्तन सम्बन्धी नीति

- जलवायू परिवर्तन अनुकूल क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यूनीकरणकालागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन भू–संवेदनशील योजना, विपद् प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ।
- **'विपदबाट बचौँ, उत्थानशील समाज निर्माण गरौँ'** भन्ने नारा मार्फत प्रभावकारी विपद् व्यवस्थापनका लागि जिल्ला सुरक्षा समितिको सहयोगमा आवश्यक तालिम कार्यक्रम सञ्चालन गरी प्रत्येक वडामा स्वयंसेवक ब्यूरो तथा Flying Squad को निर्माण गरिनेछ।

- आयोजना व्यवस्थापनमा विपद् जोखिमलाई मध्यनजर गरी आयोजना अगाडि बढाइनेछ ।
- प्रकोप व्यवस्थापन कोषमा थप रकमको व्यवस्था गरी विपद् व्यवस्थापन गरिनेछ ।
- विपद तयारीका लागि पर्याप्त मात्रामा विपद् सामाग्रीको मौज्दात कायम गरिनेछ ।
- विपद्को प्रतिकार्य तथा अनुकूलन क्षमता मार्फत Resilient Society (पुनर्उत्थान समाज) निर्माण गर्न गैर सरकारी संस्थासँग समन्वय अभवृद्धि गरिनेछ ।
- समुदायमा आधारित विपद् व्यवस्थापन शैलीको अवलम्बनबाट जनताको विपद अनुकूलन क्षमता अभिवृद्धि गरिनेछ । यसका लागि सेचतीकरणमा जोड दिइनेछ ।
- डँढेलो नियन्त्रण गर्न जिल्ला वन कार्यालयको सहकार्यमा सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पहिरो नियन्त्रण मार्फत बस्ती सुरक्षाका लागि गुराँसे पहिरो, गुवाभञ्ज्याङ पहिरो, खड्गीचौर पहिरो, फाइमाराङ पहिरो, डाँडाघर पहिरो, तिलेश्वर मन्दिर पहिरो, पार्थली पहिरो, घिमिरेश्वारा पहिरो नियन्त्रणका लागि जोड दिइनेछ ।
- विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापनका लागि प्रत्येक वडामा एक वडा एक हेलीप्याड, एक वडा एक पोखरी र संस्कृतिको जगेर्ना गर्न एक वडा एक चौतारी निर्माण गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## १४) स्वास्थ्य नीति

- गाउँपालिकाभित्रका वडा/संघ/संस्था/अस्पताल लगायतले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्यक्रम/शिविर सञ्चालनका लागि गाउँपालिकासँग अनिवार्य स्वीकृती लिई सञ्चालन गर्ने व्यवस्था कडाईका साथ लागू गरिनेछ ।
- गर्भवती सुत्केरी र २ वर्ष मुनिका बालबालिकाहरुको पोषणकालागि समुदायस्तरमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदायस्तरमा देखिन सक्ने महामारीजन्य तथा अन्य रोग नियन्त्रणकालागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहकार्यमा समुदायको माग बमोजिम आवश्यकताका आधारमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

- ६० वर्ष पुगेका तथा १० वर्ष निरन्तर सेवा गरेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दीर्घ सेवा सम्मान सहित विदाई गरिनेछ। साथै महिला स्वयंसेविकाहरुलाई थप प्रोत्साहनको व्यवस्था मिलाइनेछ।
- जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास तथा वैकल्पिक उर्जाको व्यवस्था गरी स्वास्थ्य संस्थाबाट २४ सै घण्टा सेवा दिन सकिने गरी आवश्यक व्यवस्था मिलाइनेछ।
- प्राकृतिक प्रकोप तथा महामारीको समयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको उच्च मनोबल कायम राख्न आवश्यक सेवा सुविधाको व्यवस्था गरिनेछ।
- स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि गर्न आवश्यक विभिन्न तालिमहरु सञ्चालन गरिनेछ।
- नागरिक आरोग्य सेवालाई विस्तार गर्दै लगिनेछ।
- नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिकालागि परम्परागत तथा आयूर्वेद चिकित्सा पद्धति एवम् योगको प्रवद्र्धन गर्दै स्थानीय जडिबुटी तथा औषधीजन्य खाद्य पदार्थको उत्पादनका लागि प्रोत्साहित गरिनेछ।
- विश्वव्यापी रुपमा बढ्दै गईरहेको नसर्ने रोग, मधुमेह तथा उच्च रक्तचाप नियन्त्रणकालागी सबै नागरिकहरुको स्वास्थ्य संस्थाबाट स्क्रिनिङ गरी निःशुल्क उपचारको व्यवस्था मिलाईने छ साथै जेष्ठ नागरिक, अशक्तता र अपाङगता भएका नागरिककालागि चौमासिक रुपमा समुदायस्तरमा नै कार्यक्रम सञ्चालन गरिनेछ।
- ढुंखर्क स्वास्थ्य चौकीमा चिकित्सक सहितको ओ.पि.डि. सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ।
- घरमा सुत्केरी हुने दरलाई शून्यमा राख्न आमा समूह मार्फत समुदायस्तरमा गर्भवती सुत्केरी भेटघाट तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ साथै सुत्केरी घरभेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- यसपालिकाले १४ वर्ष मुनिका बालबालिकालाई कडा रोगको उपचारका लागि काभ्रे तथा उपत्यकाका अस्पतालमा द्धिपक्षीय सम्झौता गरी वार्षिक रु.५००००।- (पचास हजार) सम्म खर्च गर्ने व्यवस्था मिलाउनेछ।
- निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम बेथानचोकवासीको सहज र सरल पहुँचको व्यवस्था गरिनेछ साथै नेपाल सरकारले तोकेबमोजिम ९८ प्रकारमा औषधी र औषधीजन्य सामग्रीको

बाह्रै महिना सहज आपूर्ति गरी स्वास्थ्य संस्थाहरुमा आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ।

- स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- समुदायस्तरमा सञ्चालनमा रहेका खोप तथा गाँउघर क्लिनिकहरुको आगामी ३ वर्ष भित्र भौतिक संरचनालाई व्यवस्थित गरी गुणस्तरीय सेवा सञ्चालनको व्यवस्था गर्दै लगिनेछ।
- जेष्ठ नागरिकहरुको उपचारकालागि जिल्लाभित्र रहेका अस्पतालहरुसँग समन्वय गरी सहज, सरल र निश्चित छुटको व्यवस्थापनमा पहल गरिनेछ।
- गर्भवती उत्प्रेरणा तथा सुत्केरी यातायात खर्चलाई निरन्तरता दिइनेछ।
- **"म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य"** सम्बन्धी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदायक स्तरमा महिनावारी स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
- ढुंखर्क स्वास्थ्य चौकीबाट मासिक रुपमा सञ्चालन भैरहेको Dental Clinic सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- संघसंस्थाबाट दिने दीर्घरोगीलाई प्रोत्साहन रकम औषधी उपचार कोषको व्यवस्था गरी प्रदान गरिनेछ।
- जेष्ठ नागरिकहरुका लागि निःशुल्क रुपमा आंशिक वा पूर्णरुपमा नयाँ दाँत राख्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- क्षयरोग नियन्त्रणलागि समुदायस्तरमा विशेषज्ञ सेवा सहित भिडियो एक्सरेको माध्यमबाट क्षयरोगी पत्ता लगाई निःशुल्क उपचारको व्यवस्थालाई विस्तार गर्दै लगिनेछ।
- विकास मानवको अनुहारबाट मापन गर्नुपर्छ भन्ने विश्वव्यापी मानव विकासको मान्यतालाई आत्मसात् गर्दै बेथानचोकका जेष्ठ नागरिकहरुलाई  दाँत भर्नका लागि आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ।
- गर्भवती जाँचका लागि निःशुल्क घुम्ती भिडियो एक्सरे सेवा उपलब्ध गराइनेछ।
- पूर्ण खोप सुनिश्चितता तथा दीगोपनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## १५) <u>उद्योग तथा वाणिज्य सम्बन्धी नीति</u>

- लघु उद्यमलाई प्रोत्साहन गर्न सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- गृहिणी महिला सशक्तिकरण कार्यक्रम मार्फत महिला उद्यमशीलता विकासमा जोड दिइनेछ ।
- स्थानीय उत्पादनको डिजाइन, प्याकेजिङ तथा बजारीकरणका लागि एडभान्स लेबलको तालिमको व्यवस्था गरिनेछ ।
- बेथानचोक गाउँपालिकाभित्र Mineral Water को प्याकेजिङ तथा उत्पादनका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- महिला उद्यमशीलता विकास मार्फत महिला सशक्तीकरणका लागि प्रदेश सरकारको सहकार्यमा दुना टपरी बनाउने आधुनिक मेशिन हस्तान्तरण गरिनेछ ।
- स्थानीय मदिरालाई ब्रान्डिङ तथा प्याकेजिङ गरी बजारीकरण गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

माथि उल्लेखित नीति तथा कार्यक्रमलाई व्यवहारमा उतार्न यस आ.व. २०८२/०८३ का लागि रु. ६४ करोड ७३ लाख ५ हजार २ सय त्रिचालिस बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु ।

अन्त्यमा, विपद पूर्व सूचना दिएर आउँदैन । मौसम पुर्वानुमानले यो वर्ष अत्याधिक वर्षा हुने अनुमान गरेको छ । हामी घाटा बजेटमा छौँ । यो वर्ष बजेट घाटालाई शुन्यमा झार्ने प्रयत्नमा छौँ । यति हुँदाहुँदै जोखिम न्यूनीकरण तथा विपद पूर्वतयारीलाई अत्याधिक जोड दिंदै **'बेथानचोक फेरी उठ्नेछ, बेथानचोक पहिलेकै अवस्थामा फर्कनेछ'** भनेर यहाँहरुलाई प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सभाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारी, वुद्धिजिवी, समाजसेवी, राजनीतिकदलका प्रतिनिधि, शिक्षक लगायत सबैलाई हार्दिक धन्यवाद दिंदै नीति तथा कार्यक्रम अनुसार यस बेथानचोक गाउँपालिकालाई **‘समृद्ध बेथानचोक, सुखी बेथानचोकवासी’** को पथमा हिंड्न सबैलाई आव्हान गर्दछु ।

धन्यवाद ।

भगवान अधिकारी

अध्यक्ष

बेथानचोक गाउँपालिका

मितिः २०८२–०३–१० गते